"त्रिदेशीय व्यापारिक नगरः सम्वृद्ध गल्छी शहर"

स्थानीय सरकार

# गल्छी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बैरेनी, धादिङ

वागमती प्रदेश, नेपाल

## कृषि विकास कार्यक्रम सञ्चालन सम्वन्धी प्रस्ताव आह्वान गरिएको सूचना

सूचना नं. ०४-०८/कृषि-२०८३/०८४

मितिः २०८३।०५।०३ गते बुधवार

गल्छी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत गठित आर्थिक विकास समितिको मिति २०८३।०४।२८ गतेको निर्णयानुसार यस कार्यालयको कृषि विकास शाखाको आ.व. २०८३।०८४ को वार्षिक स्वीकृत तपसिल बमोजिमको कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस गाउँपालिका भित्रका लक्षित वर्गहरुले आवश्यक कागजातहरु सहित १५ दिन (मिति २०८३।०५।१७ गते) भित्र यस कार्यालयको कृषि विकास शाखामा रीतपूर्वक निवेदन पेश गरि दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।रीतपूर्वक पेश नभएका र म्याद नाघि प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाहि गरिने छैन् ।

तपसिलः

| सि.नं. | कार्यक्रमको नाम | स्वीकृत बजेट रु. (हजारमा) | अनुदानको सिमा | न्यूनतम् मापदण्ड तथा प्रासङ्गीक विषय | लक्षित वर्ग | कै. |
|---|---|---|---|---|---|---|
| १. | कृषि यान्त्रिकरण तथा प्रविधि प्रबर्द्धन कार्यक्रम (मिनिटिलर वितरण, पेट्रोल र डिजेल इन्जिन) | २९१० (किसानको सहभागिता सहित) | ५०% | यस गाउँपालिका वा अन्य निकायहरुको अघिल्लो दुई आ.व. को सम्वन्धीत अनुदान कार्यक्रममा सहभागी नभएको हुनुपर्ने, किसान सूचीकरण प्रणालीमा सूचीकृत भएको हुनुपर्ने(सूचीकृत नभएको हकमा आवश्यक कागजात सहित सूचीकृत हुनुपर्ने), साना तथा सिमान्तकृत कृषकहरुको लागि कम्तिमा १ रोपनी क्षेत्रफलमा खेति गरिरहेको हुनुपर्ने र अन्य व्यवसायिक कृषकहरुको हकमा न्यूनतम् २ रोपनी क्षेत्रफलमा खेति गरेको हुनुपर्नेछ । | व्यवसायिक कृषक, सूचीकृत बेरोजगार, बैदेशिक रोजगारी रिटर्नी, कृषि उद्यमी | |
| २. | प्लाष्टिक मल्चिङ प्रविधि प्रदर्शन तथा प्रवर्द्धन कार्यक्रम, (मल्चिङ प्लाष्टिक सिट वितरण) | ७७६ (किसानको सहभागिता सहित) | ५०% | | कृषक समूह, नीजि कृषि फार्म, | |
| ३. | संरक्षित संरचनामा तरकारी खेति प्रबर्द्धन कार्यक्रम (टनेल प्लाष्टिक सिट वितरण) | १५५२ (किसानको सहभागिता सहित) | ५०% | | | |
| ४. | बायो पेष्टिसाइड्स(Bio Pesticides) को प्रयोगमा प्रोत्साहन कार्यक्रम (जैविक ढुषि ट्राइकोडर्मा वितरण) | १९४ (किसानको सहभागिता सहित) | ५०% | किसान सूचीकरण प्रणालीमा सूचीकृत भएको हुनुपर्ने(सूचीकृत नभएको भए आवश्यक कागजात सहित सूचीकृत हुनुपर्ने), साना तथा सिमान्तकृत कृषकहरुको लागि कम्तिमा १ रोपनी क्षेत्रफलमा खेति गरिरहेको हुनुपर्ने र अन्य व्यवसायिक कृषकहरुको हकमा न्यूनतम् २ रोपनी क्षेत्रफलमा खेति गरेको हुनुपर्नेछ । | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | बेमौसमी तरकारी खेति लक्षित उन्नत बीउको प्रयोगमा प्रोत्साहन कार्यक्रम (काउली, बन्दा, धनिया, गोलभेडा, रायो, मुलाको बीउ वितरण गरिने) | ३८८ (किसानको सहभागिता सहित) | ५०% | किसान सूचीकरण प्रणालीमा सूचीकृत भएको हुनुपर्ने(सूचीकृत नभएको भए आवश्यक कागजात सहित सूचीकृत हुनुपर्ने), साना तथा सिमान्तकृत कृषकहरुको लागि कम्तिमा १ रोपनी क्षेत्रफलमा खेति गरिरहेको हुनुपर्ने र अन्य व्यवसायिक कृषकहरुको हकमा न्यूनतम् २ रोपनी क्षेत्रफलमा खेति गरेको हुनुपर्नेछ । | व्यवसायिक कृषक/कृषि उद्यमी | |

आवश्यक कागजातहरु:

- कार्यक्रम माग सम्बन्धी निवेदन,
- नागरिकता/रा.प.प. को प्रतिलिपि,
- संस्था दर्ता र नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि(लागु हुनेको हकमा),
- स्थायी लेखा नं. दर्ता प्रमाण-पत्रको प्रतिलिपि(लागु हुनेको हकमा),
- अघिल्लो आ.व. २०८२।०८३ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि(लागु हुनेको हकमा),
- अघिल्लो आ.व. २०८२।०८३ को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि(लागु हुनेको हकमा),
- जग्गा धनि पुर्जाको प्रतिलिपि,
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
- मालपोत कर चुक्ता रसिदको प्रतिलिपि,
- एक प्रति पासपोर्ट साइजको फोटो,
- जग्गा भाडामा भए कम्तिमा ५ वर्षको करारनामा पत्रको प्रतिलिपि,
- अन्य आवश्यक कागजातहरु ।

थप जानकारीको लागिः कृषि विकास शाखाको फोन नं. ९८४४२६९४५६,९८६४६३५२३९

(प्रमुख प्रशासकीय अधिकृत)
पूर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत